# अन्तराष्ट्रिय तामाङ परिषदको तर्फबाट चौथो अन्तराष्ट्रिय तामाङ सम्मेलनमा प्रस्तुत प्रतिवेदन सन् २०१८

१. श्रद्धेय, अध्यक्ष मण्डल तथा देश, विदेशबाट पाल्नुभएका आदरणिय सहभागी प्रतिनिधि दाजुभाई तथा दिदीबहिनीहरु !

सर्वप्रथम– अन्तराष्ट्रिय तामाङ परिषदको तर्फबाट फ्याफूल्ला तथा सम्मान गर्न चाहन्छु । प्रथम अन्तराष्ट्रिय तामाङ सम्मेलन सन् २००२ मा काठमाण्डौंमा दोस्रो सम्मेलन सन् २००५ मा भारतको दार्जिलिङमा तेश्रो सम्मेलन सन् २०१३ मा काठमाण्डौंमा भएको स्मरण गराउँदै, सन् २०१८ मा आज हामी संसारभरी छरिएर रहे बसेका तामाङ सन्तानहरुको प्रतिनिधिको रुपमा एउटै मञ्चमा ठूलो संख्यामा भारतको रमणीय स्थल मिरीक दार्जिलिङमा भेला भएका छौं । हामी सबैले गर्व गर्नु पर्दछ आज यो अन्तराष्ट्रिय तामाङ परिषद १५ वर्ष अघि स्थापना भएको संस्था नेपाल तामाङ घेदुङ्गको पूर्व अध्यक्ष संस्थापक पशुराम तामाङ हुनुहुन्छ । संसारभरीका तामाङहरु एकठाउँ भेला हुने, हाम्रा साझा मुद्दाहरु, योजना कार्यक्रमहरु प्रगति समृद्धिको बारे चिन्तन, समिक्षा छलफल र आगामी योजना बनाउने र कार्यान्वयन गर्ने/गराउने एउटा पवित्र थलोको निर्माण भएको छ । संसारभरी जुन/जुन देशमा रहे बसेता पनि हाम्रो पूर्खाहरुले हाम्रो लागि व्यवस्थापनमा गर्नुभएको ऐतिहासिक योगदान हाम्रा परम्परा मूल्यमान्यताहरु जीवनता र निरन्तरता दिदैं पुस्ता हस्तान्तरण गर्ने क्रममा विभिन्न देशमा संघ, संस्था खोलेर संचालन गरेका छौं । हाम्रो एकता र योजनाको लागि अन्तराष्ट्रिय तामाङ परिषदले समन्वयकारी भूमिका खेल्नेछ । तामाङ संस्था नै प्रधान हुन, संस्थामार्फत हाम्रा सबै विषयहरु टुङ्याउने र लागु गर्नु पर्दछ । अनि मात्र साझा भावानात्मक निर्णय कार्यान्वायन र अपनत्व हुन सक्तछ । एक व्यक्ति एकल निर्णय कहिल्यै लागू र कार्यान्वायन हुन सक्तैन । हाम्रो एकता मूल्यमान्यता इतिहासको लागि आ–आफ्नो देशका संस्थाहरु देश अनुकुल सक्रिय हुने र अन्तर्राष्ट्रिय स्तरको योजना कार्यक्रम संसार भरीको साझा छाता संगठन अन्तराष्ट्रिय तामाङ सम्मेलनले गरेको साझा निर्णयहरु कार्यान्वयन गर्ने गरीने छ ।

२. हाम्रो तेश्रो कार्यकालमा हामीले तामाङ समाजमा सांस्कृतिक पुर्नजागरण अभियान निति कार्यक्रमको काठमाण्डौं घोषणापत्र तेश्रो सम्मेलनमा निर्णय भएका सबै विषय समेटेको स्मारिका ४ वर्ष अघि नै प्रकाशन गरियो र पारित तामाङ संस्कार संस्कृति निर्देशिका समेतलाई विश्वका तामाङ संघ संस्था/ व्यक्ति महानुभावहरुको हातमा जानकारी तथा कार्यान्वयनको लागि अनुरोध गरी पठाउने/दिने काम गर्‍यौं । विधान बमोजिम संसार भरी भएका संस्थाहरुलाई सदस्यता लिन आव्हान सुचना जारी गर्‍यौं । विधानमा १ देश १ संस्था सदस्य व्यवस्था भएको कारण कुनै कुनै देशमा एक भन्दा बढी तामाङ संस्थाहरु भएको कारण विवाद सिर्जना हुने समस्याहरु आउन सक्ने अवस्था भएकोले हाल ईजराइल आधिकारिक थप सदस्य बन्नु भएको छ । अन्य मुलुक सदस्य/सम्बन्धन लिने क्रममा हुनुहुन्छ । आउने कार्यकालमा विधानलाई फराकिलो ढंगले संशोधन/परिमार्जन गरेर सदस्य विस्तार हुने विश्वास लिएका छौं । हाम्रो कार्यकालको विधान अनुसार कार्यसमितिमा आफू प्रतिनिधि भएको देश संस्थाको जिम्मेवारी लिनुभएका प्रतिनिधी साथीहरुलाई कामकाजी समन्वयकारी बनाउन सकिएन । जस्तो अमेरिकाबाट निर्वाचित प्रतिनिधि/कार्यसमिति रहने तर अमेरिकामा रहेका संस्थाहरुलाई समन्वय गरी अन्तराष्ट्रिय तामाङ परिषदको सदस्य बनाउन नसक्नु, प्रतिवेदन नगर्नु आदि समस्याहरु छन् । संस्था मार्फत उम्मेदवार सदस्य हुने संस्था प्रति उत्तरदायी हुने अवस्था हुँदा अब संस्थाप्रति उत्तरदायित्व व्यवस्था गरे मात्र अन्तर्राष्ट्रिय तामाङ परिषद कामकाजी हुनेछ ।

३ दिने विश्व बौद्ध सम्मेलन लुम्बिनीमा यस संस्थाको तर्फबाट अध्यक्ष श्री महेन्द्रजंग तामाङ र उपाध्यक्ष मणिक लामाले भाग लिई अन्तराष्ट्रिय सम्बन्ध बढाइएको र तामयिग तामाङ लिपि गोष्ठी प्रशिक्षण काठमाडौँमा संचालन गरियो ।

हाम्रो पालोमा तामाङ समाजमा सांस्कृतिक पुर्नजागरण अभियानलाई दोश्रो सम्मेलन २००५ मा पारित संस्कार संस्कृति निर्देशिका कार्यान्वयनको रुपमा त्यसमा रहेका शब्द त्रुटीहरु कतै छुटेको संस्कार संस्कृति भए थप समेत गर्न गोष्ठी नेपालको काठमाण्डौँ र भारतको सिलिगुडीमा सम्पन्न गर्‍यौँ । बैठक मिटीङ्ग विभिन्न ठाउँमा बिभिन्न विषयमा २५ वटा सम्पन्न गरियो ।

यस संस्थाका निवर्तमान अध्यक्ष एम एस वोम्जन सन् २०१४ नोभेम्बर १० मा स्वर्गिय हुनुभएको र भारत पूर्वाञ्चल आसामका अध्यक्ष डिल्लीराम योञ्जनको ८ डिसेम्बर २०१७ मा मृत्यु भएको संम्झनामा समवेदना तथा श्रद्धाञ्जली सभा काठमाडौँमा गरी मृत्यु पर्यन्त सम्मान अखिल भारतिय तामाङ वौद्ध सम्मेलन मार्फत परिवारमा प्रदान गरियो । आजको सम्मेलनलाई सफल पार्न १ वर्ष देखि व्यवस्थापन गर्ने र संसार भरी खवर/पत्रकार सम्मेलन र धेरै विषयगतमा छलफल भेलाहरु विभिन्न स्थानमा गरियो ।

४. तामाङ शब्दकोष निर्माणको काम तेश्रो सम्मेलनको निर्णय अनुसार वि.सं. २०६१ मा नेपाल तामाङ घेदुङ र नेपाल सरकार प्रज्ञा प्रतिष्ठानसँग बजेट लगानी र सहकार्य गरी प्रकाशन गर्ने गरी सम्झौता भएको थियो । उक्त कार्य सम्पन्न गर्न श्री परशुराम तामाङ अध्यक्षमा श्री काजीमान तामाङ भारत समेत रहेको ७ सदस्सयीय निर्देशक समिती र शब्द संकलन तथा सम्पादन गर्ने काम श्री अतितमान तामाङ समेतको जिम्मामा दिइएको थियो । हामीले पहल गर्दा गर्दै विना सहमति बैठकबाट प्रज्ञा प्रतिष्ठान शब्द कोष प्रकाशन २०७५ कार्तिक महिनामा भएको छ । समिती र धेदुङको भूमिकामा स्पष्ट उल्लेख नहुदा प्रकाशित तामाङ शब्दकोष अन्तराष्ट्रिय परिषद /तामाङ संघ संस्थाले अपनत्व हुनेगरी साझा जिम्मेवार लिन सक्ने स्थिती भएन । आगामी दिनमा अर्न्तराष्ट्रिय तामाङ शब्दकोष साझा हुनेगरी पुनः साझा प्रकाशन गर्न I.T.C को समन्वयकारी भूमिकामा नेपाल तामाङ धेदुङ भारतिय तामाङ बौद्ध संघ अन्य देशको संस्थाले तामाङ शब्दकोष पूर्ण जिम्मा लिनु आवश्यक छ ।

५. अन्य धेरै काभ भए गरेतापनि हाम्रो कार्यकालमा ऐतिहासिक ठोस उपलब्धि भनेको भगवान वुद्ध ई.पु. ६२३ मा पवित्र जन्म स्थल लुम्बिनिमा जन्मनु भएको भुमिमा नेपाल सरकार , लुम्बिनि विकास कोष बाट अन्तर्राष्ट्रिय तामाङ बौद्ध गुम्बा निर्माणको लागि एक प्लट जमिन प्राप्त गरेका छौ । विश्व समुदायिक बिच हाम्रो साझा अस्तित्व र पहिचान रहने छ र उक्त एक प्लट जमिन कम्तिका १ विघा देखी ५ विघा सम्म हुन्छ ।

हाम्रा गुम्वाहरु विभिन्न देश ठाउँमा धेरै छन तर लुम्बिनी वुद्धधर्मको र विश्व शातिको मुहानको रुपमा सन् १९९७ देखि यो स्थल विश्व सम्पदाको सूचिमा सुचिकृत भएको विश्व परिचित बुद्धजन्म स्थलमा वर्षमा विभिन्न देशका राष्ट्र प्रमुखहरु देखि तिर्थालु, पर्यटक तथा श्रदालुहरु / अध्येताहरु लाखौ लाखले भ्रमण तथा कार्यक्रम गर्ने , वास वस्ने गर्दछन । लुम्बिनिमा हाल आ-आफ्नो पहिचानका विभिन्न देशका गुम्वा/ विहारहरु ४० भन्दा वढी छन् । यसै क्रममा विश्वका तामाङहरुको साझा पहिचानको गुम्बा आवास गृह निर्माणको लागि नक्सा लागत स्टमेट प्राविधिकहरुबाट गर्न प्रारम्भ हुदैछ । यस कामको लागि नेपाल सरकार लुम्बिनि विकास कोष ऐन नियमावली २०५८ बमोजिम कुल लागतको रू. ५% प्रतिशत सुपरिवेक्षण वापत र धरौटी वापत रु. १०।- प्रतिशत गरि जम्मा १५% रकम शुरु निर्माण सम्झौतामा जम्मा गर्नुपर्ने हुन्छ । साझा काम साझा अस्तित्वको लागि हामीले यो काम सम्पन्न गर्नका लागि एकवर्ष

भित्र करिव १० करोड रकमको आवश्यक पर्ने भएकोले भारतको तर्फबाट ४०% प्रतिशत रकम लगानी गर्ने सदस्य र नेपाल लगाएत विश्वका तामाङ संस्थाहरुको तर्फबाट ६०% प्रतिशत रकम लगानी गर्ने सदस्यहरुलाई व्यायभार हुनेछ । अर्न्तर्राष्ट्रिय तामाङ परिषदको समन्वयकारी भुमिका हुने र नेपाल तामाङ घेदुङ्ग अखित भारतिय तामाङ बौद्ध संघ संरक्षक सदस्य रहने र अन्य गुम्बा, व्यक्तित्व महानुभावहरु सदस्य रहन सक्ने र समरक्षक सदस्यका लागि कम्तिमा रु २ लाख र संस्थापक सदस्यहरुका लागि रु १ लाख प्रवेश  शूल्क रु ५०००।- शुल्क निर्धारण गरी विधान नियम, आचार संहिताको निर्माण हुदैछ । सोको पालन गर्ने गरी लोकतान्त्रिक प्रकृयाबाट एक छुट्टै स्वायत्त लगानी कर्ता सदस्यहरुबाटै गुम्वा व्यवस्थापन/संन्चालन गर्ने कमिटि हुने निती लिएको छौं । सदस्यता शुल्क बुझाउन वि.स. २०७५ माघ १६ गते अर्थात २०१९ जनवरी ३१ सम्मको लागि सबै संघ संस्था श्रद्धालु  महानुभावहरुमा सदस्यता शुल्क बुझाई सदस्यता लिनु हुन यो अन्तराष्ट्रिय तामाङ सम्मेलन मार्फत हार्दिक अपिल गर्दछौ । लुम्विनी आसपास त्यती जग्गा खरिद गर्नु परेमा १ अर्बसम्म मोल लाग्न सक्ने कुरा पनि स्मरण गराउँदछु ।

६. अन्तर्राष्ट्रिय तामाङ परिषदको तर्फबाट कसैलाई कदरपत्र/सम्मान गर्ने नीती बनाउनु आवश्यक भएकोले, जुन व्यक्ति महानुभावहरुले सम्बन्धित तामाङ संघ/संगठनहरुमा तामाङ जाति र विकास समृद्धको लागि लामो समयसम्म आर्थिक/भौतिक लगानी गरी जीवन विताए र संगठनको कार्यक्रम चलाउनु आर्थिक/नैतिक/भौतिक योगदान गरेका व्यक्तित्वहरुलाई मात्र सदस्य/सम्बन्धन प्राप्त संगठनको सिफारिसमा हरेक २/२ वर्षमा वा सम्मेलनमा कदरपत्र वा सम्मानपत्र प्रदान गर्ने व्यवस्था भएमात्र संस्थागत हुने नीति लिईएको छ ।

७. अन्तमा हाम्रो काम गराई/भोगाईको आधारमा कुनै पनि संस्थाहरुले धेरै योजना तथा कार्यक्रमहरुको घोषणा गरेर मात्र कार्यन्वयन हुदैन । हाम्रो जिम्मेवारी बोध कामको सूची धेर भए बनेता पनि आगामी कार्यकालको लागि ठोस योजना तर्जुमा गरी प्राथामिकताका साथ कार्यान्वयन गरौं । हाम्रो व्यक्तिगत काम भुगोल/आर्थिक कारणहरुले गर्दा भनेजस्तो सन्तोषजनक काम पुरा गर्न कुनै पनि समितिलाई कठिन पर्दछ । भन्दा भैहाल्छ तर काम सम्पन्न गर्न फरक कुरा हो । त्यसैले आगामी कार्यक्रममा परिषदको १. सदस्य/सम्बन्ध/सदस्य संस्थाहरु विश्वभर फैलाउने र प्रदान गर्ने २. लुम्विनिमा अन्तराष्ट्रिय तामाङ बौद्ध गुम्वा आवास गृह निर्माण गर्ने, ३.विभिन्न देशमा तामाङ साझा संस्कृति भवनहरु निर्माण गर्ने, ४.शैक्षिक अक्षयकोष स्थापना गर्ने, तामाङ भाषा लिपीलाई र संस्कार संस्कृतिलाइ व्यवहारमा उतार्ने जस्ता ठोस काममा लागौं भन्ने निवेदन गर्दै सहभागि दाजुभाई तथा दिदि बहिनिहरुमा सुस्वास्थ्य प्रगतीको कामना गर्दै हाम्रो कार्यकालको प्रतिवेदन यहि अन्त्य गर्दछु । थुजेछे (धन्यवाद)

महेन्द्रजंग तामाङ

**अध्यक्ष**